## मिति २०८३ भाद्र २६ गतेको ८२ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २ : भूमि व्यवस्था, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र सम्बन्धमा ।
प्रस्ताव नं. ३ : आम्दानी तथा खर्च प्रगति सम्बन्धमा ।
प्रस्ताव नं. ४ : आ.व. २०८२/०८३ को महालेखा परीक्षण सम्बन्धमा ।
प्रस्ताव नं. ५ : आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ६ : ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री ठेक्का सम्बन्धमा ।
प्रस्ताव नं. ७ : मानव अधिकार स्थानीय समन्वय समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं. ८ : अध्ययन पूर्व स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ९ : भोटेकोशी बाढीपीडितलाई आर्थिक सहयोग सम्बन्धमा ।
प्रस्ताव नं. १० : वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं. ११ : बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृति सम्बन्धमा ।
प्रस्ताव नं. १२ : पूर्वाधार विकास कार्यालयलाई पहिरो नियन्त्रण एवं बस्ती संरक्षणका लागि अनुरोध गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३ : भूमिहिन, दलित र अव्यवस्थित व्यक्तिहरुको विवरण सम्बन्धमा ।
प्रस्ताव नं.१४ : प्राविधिक लागत अनुमान तयार गरी पेश गर्नको लागि निर्देशन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १५ : सुनखानी सामुदायिक भवनको डिजाइन संशोधन तथा भेरियसन स्वीकृत सम्बन्धमा ।

CamScanner

## निर्णयहरू

**निर्णय नं. ८२.१ :** नगर कार्यपालिकाको मिति २०८३/०४/२९ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८२.२ :** भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विपद् व्यवस्थापन तथा सामाजिक समावेशीकरण शाखाको च.नं. २२ मिति २०८३/०५/१८ को शव वहान व्यवस्थापन सम्बन्धमा र च.नं. २४ मिति २०८३/०५/१९ को आश्रय स्थलमा रहेका आफ्ना क्षेत्रका वासिन्दाहरुको उद्दार सम्बन्धको पत्र प्राप्त भई यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

**निर्णय नं. ८२.३ :** मेलम्ची नगरपालिकाबाट आ.व. २०८३/०८४ को श्रावण १ देखि हालसम्मको चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ०.९७ प्रतिशत र पूँजीगत तर्फ १.२६ प्रतिशत गरी समग्रमा १.०९ प्रतिशत भएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गराइयो । त्यसैगरी, चालु आ.व. २०८३/०८४ मा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री, घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क दस्तुर लगायतका शिर्षकमा मिति २०८३/०४/०१ देखि २०८३/०५/२५ गतेसम्म रु. ६,३८,३८,९९३।७८ आन्तरिक राजस्व संकलन भएको व्यहोरा समेत जानकारी गराइयो ।

**निर्णय नं. ८२.४ :** महालेखा परीक्षकको कार्यालयबाट यस मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ मा भएका आम्दानी, खर्च लगायतका विषयको अन्तिम लेखा परीक्षण मिति २०८३/०५/२३ गते देखि भइरहेको व्यहोरा यस बैठकमा जानकारी गराइयो ।

**निर्णय नं. ८२.५ :** मेलम्ची नगरपालिका भित्रका विभिन्न व्यक्तिहरु मृगौला प्रत्यारोपण, मानसिक समस्या लगायत विभिन्न रोगहरुबाट प्रभावित भई विभिन्न अस्पतालमा उपचाररत रहनु भएको र निजहरुको आर्थिक अवस्था कमजोर रहेको भनि सम्बन्धित वडा कार्यालयबाट सिफारिस सहित यस कार्यालयमा निवेदन पेश भएको हुँदा निवेदन पेश भएका देहाय बमोजिमका व्यक्तिहरुको उपचारका लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी देहाय बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | बिरामी नाम, थर | ठेगाना | आर्थिक सहयोग रकम रु. |
|---|---|---|---|
| १ | सबिता श्रेष्ठ | मेलम्ची न.पा. ११ | ५० हजार |
| २ | मनिका आचार्य | मेलम्ची न.पा. १० | ५० हजार |
| ३ | कल्लु लामा | मेलम्ची न.पा. १२ | ५० हजार |
| ४ | निर्मला दनुवार | मेलम्ची न.पा. १३ | ३० हजार |

CamScanner

| | | | |
|---|---|---|---|
| ५ | राजकुमार चौलागाई | मेलम्ची न.पा. १ | ३० हजार |
| ६ | बुदनो घले | मेलम्ची न.पा. ९ | ५० हजार |

**निर्णय नं. ८२.६ :** मेलम्ची नगरपालिका क्षेत्र भित्र संचालित क्रसर उद्योगहरुले आ.व. २०८२/०८३ मा उत्खनन् गरी मौज्दात अवस्थामा राखेका नदीजन्य सामग्रीको मौज्दात परिमाण र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) ले तोकेको बिक्री परिमाण गरी दुबै परिमाण जोडी कूल जम्मा परिमाण ४,२४,८२,८७८.८८ घ.फि. नदीजन्य सामग्रीहरु बागमती प्रदेश आर्थिक ऐन, २०८३ मा उल्लिखित प्रति घ.फि. रु. ७ (मू.अ.कर बाहेक) का दरले जम्मा मू.अ.कर बाहेक रु. २९,७३,८०,१५२।१६ (अक्षरुपी उनन्तिस करोड त्रिहत्तर लाख असी हजार एक सय बाउन्न रुपैयाँ पैसा सोह्र मात्र ) मा मिति २०८३/०५/०१ मा ई-बिडिङ मार्फत बोलपत्र सूचना प्रकाशन गरिएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. MIT/१८२ मिति २०८३/०५/११ को पत्रबाट हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणालीमा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकोले प्रणालीमा मर्मत संभार र सुधार कार्य भइरहेको हुँदा उक्त कार्यालयको मिति २०८३/०५/११ निर्णयानुसार सोही मिति देखि लागु हुने गरी अर्को सूचना जारी नभएसम्मका लागि हालको विद्युतीय खरिद प्रणाली स्थगनको लागि सूचना जारी भएको र यस नगरपालिकाले ई-बिडिङ मार्फत नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र सूचना जारी गरेको हुँदा उक्त सूचना बमोजिम अर्को निर्णय नभएसम्मका लागि यस कार्यालयबाट मिति २०८३/०५/०१ मा प्रकाशित बोलपत्र नं. MMSI/2083-84/01 को बोलपत्र सूचना रद्द गर्नका लागि स्थानीय राजस्व परामर्श समितिको मिति २०८२/०५/१७ गतेको बैठकबाट सिफारिस भई उक्त बोलपत्र मिति २०८३/०५/१८ गते सूचना प्रकाशन गरी रद्द गरिएको हुँदा सोको अनुमोदन गर्ने निर्णय गरियो।

साथै, सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली हालसम्म सुचारु नभएको कारणबाट ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री र नगरपालिकाको नगर सभाबाट बजेट विनियोजन भई ठेक्का मार्फत कार्यान्वयन गर्नुपर्ने अन्य योजनाहरुको तत्काल ठेक्का व्यवस्थापन ढिलाई भएको हुँदा सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. MIT/१८२ मिति २०८३/०५/११ को पत्रको बुँदा नं. २ मा, **विद्युतीय खरिद प्रणालीमा मिति २०८३/०५/११ गतेसम्म प्रकाशन भई प्रस्ताव पेश गर्ने म्याद समाप्त हुन बाँकी रहेका र नयाँ प्रकाशन हुने क्रममा रहेका बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको सम्बन्धमा सार्वजनिक नियकायहरुले हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया अगाडि बढाउन सकिनेछ** भन्ने व्यवस्था भएको हुँदा

CamScanner

सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली सुचारु नभएसम्मका लागि सोही व्यवस्था बमोजिम हार्डकपी मार्फत ठेक्का व्यवस्थापन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८२.७ :** मेलम्ची नगरपालिका क्षेत्र भित्र मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (आ.व. २०८३/८४ – २०८७/०८८) को दफा ४.२ को उपदफा ४.२.४ मा भएको व्यवस्था बमोजिम देहाय बमोजिमको मानव अधिकार स्थानीय तह समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची नगरपालिका नगर प्रमुख, श्री आइतमान तामाङ – संयोजक
२. मेलम्ची नगरपालिका, उपप्रमुख श्री उमा प्रधान – सदस्य
३. मेलम्ची नगरपालिकाका वडा अध्यक्षहरु – सदस्य
४. प्रशासकीय अधिकृत, श्री झपेन्द्रराज खरेल– सदस्य
५. सागर कुमार श्रेष्ठ – सदस्य (मनोनित)
६. कालीमायाँ वाइबा – सदस्य (मनोनित)
७. निर्मला दुलाल – सदस्य (मनोनित)
८. ईलाका प्रहरी कार्यालयका प्रहरी निरिक्षक – सदस्य
९. प्रमुख प्रशासकीय अधिकृत श्री अनुषा कोइराला – सदस्य सचिव

निर्णय नं. ८२.८ : मेलम्ची नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था र एकिकृत कृषि सेवा केन्द्रमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुले नेपाल सरकार/चिकित्सा शिक्षा आयोग (परीक्षा निर्देशनालय), सानोठिमी, भक्तपुरबाट संचालित परीक्षामा सहभागी हुन पूर्व स्वीकृतिको लागि निवेदन पेश गर्नु भएको हुँदा निजहरुलाई देहाय बमोजिमको विषय अध्ययनका लागि पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कर्मचारीको नाम, थर | पद/तह | अध्ययन गर्न चाहेको विषय |
|---|---|---|---|
| १ | रेशम के.सी. | स्वास्थ्य सहायक (HA), पाँचौं तह | Bachelor of Public Health (BPH) तथा Bachelor of Medicine and Bachelor of Surgery (MBBS) |
| २ | हिक्मत खड्का | स्वास्थ्य सहायक (HA), पाँचौं तह | Bachelor of Public Health (BPH) तथा Bachelor of |

CamScanner

| | | | |
|---|---|---|---|
| | | | Medicine and Bachelor of Surgery (MBBS) |
| ३ | ओशिम कुमार मण्डल | स्वास्थ्य सहायक (HA), पाँचौं तह | Bachelor of Public Health (BPH) तथा Bachelor of Medicine and Bachelor of Surgery (MBBS) |
| ४ | राज मण्डल | पशु स्वास्थ्य प्राविधिक, सहायकस्तर पाँचौं | B.V.SC.AND AH |

**निर्णय नं. ८२.९ :** रसुवा जिल्लाको भोटेकोशी नदीमा मिति २०८३ भाद्र १० गते आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा लगायतका स्थानमा रहेका भौतिक संरचना र धेरै मात्रामा मानवीय क्षति भएको सन्दर्भमा उक्त घटना प्रति गहिरो दु:ख व्यक्त गर्दै यस घटनाबाट मृत्युवरण हुनपुगेका नेपाली तथा विदेशी नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्ने निर्णय गरियो । साथै, उक्त घटनाका बाढीपीडितहरुको लागि मेलम्ची नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको पारिश्रमिकबाट कट्टा हुने गरी ३ दिनको पारिश्रमिक रु.२९,५५,८३०।५० (अक्षरुपी उनन्तिस लाख पचपन्न हजार आठ सय तीस रुपैयाँ पैसा पचपन्न मात्र ) प्रधानमन्त्री दैवीप्रकोप उद्दार कोषमा जम्मा गरिएको व्यहोरा यस बैठकमा जानकारी गराइयो । साथै, भोटेकोशी बाढीबाट मृत्यु भएका, बेपत्ता भएका एवं हराइरहेका यस मेलम्ची नगरपालिका क्षेत्र भित्रका नागरिकहरुको विवरण पेश गर्नको लागि सम्बन्धित वडा कार्यालय मार्फत सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८२.१० :** मेलम्ची नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन यस कार्यपालिका बैठकमा पेश भई छलफल तथा जानकारी गराउनुको साथै उक्त प्रतिवेदन नगरपालिकाको वेवसाइटबाट प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८२.११ :** मेलम्ची नगरपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम आ.व. २०७७/०७८ देखि कार्यान्वयन हुँदै आएकोमा बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को दफा ६ को उपदफा (७) मा भएको व्यवस्था एवं सोही कार्यविधिको दफा १० को उपदफा (१) अनुसूची-२ मा उल्लिखित कार्यक्रमहरु आगामी नगर सभाबाट अनुमोदन हुनेगरी आ.व. २०८३/०८४ को लागि स्वीकृत गर्ने निर्णय गरियो ।

CS CamScanner

**निर्णय नं. ८२.१२ :** मेलम्ची नगरपालिका वडा नं. १० स्थित मेलम्ची-तिपेनी-भोताङ सडक खण्ड अन्तर्गत साविक ज्यामिरे गाविस वडा नं. २ को रामपुर बस्ती मुनीको पाखोमा यस वर्षको अविर वर्षाको कारण पहिरो गई रामपुर माझीगाउँ बस्ती अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेको र उक्त सडक हाल पूर्वाधार विकास कार्यालय मार्फत ठेक्का व्यवस्थापन भई कार्यान्वययन भइरहेको सन्दर्भमा रामपुर माझीगाउँ बस्ती संरक्षण र पहिरो रोकथामका लागि पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८२.१३ :** मेलम्ची नगरपालिका भित्र स्थायी बसोबास गर्ने भूमिहिन, दलित र अव्यवस्थित व्यक्तिहरुले जग्गा प्राप्तिका लागि पेश गरेको निवेदन अनुसार स्वीकृत भएका भूमिहिन, दलित र अव्यवस्थित व्यक्तिहरुको विवरण यस नगरपालिका अन्तर्गतका केही वडा कार्यालयबाट सिफारिस भई आएको र अन्य वडा कार्यालयहरुबाट विवरण प्राप्त हुन बाँकी रहेको हुँदा उक्त विवरण यथासिघ्र माग गरी आवश्यक कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालय, चौतारा, सिन्धुपाल्चोकमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८२.१४ :** मेलम्ची नगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका योजनाहरुको मर्मत संभार, संरक्षण, घेराबार लगायतका कार्यहरु गर्नुपर्ने भएको हुँदा उक्त योजनारुको प्राविधिक लागत अनुमान तयार गरी पेश गर्नको लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मेलम्ची नगरपालिका वडा नं. १ स्वास्थ्य चौकी भवन घेराबार | मेलम्ची न.पा. १ | |
| २ | खानीगाउँ बरको बोट सडक मर्मत संभार | मेलम्ची न.पा. ७ | |
| ३ | जनजागृती मा.वि.कटुञ्जे टोल खानेपानी संरक्षण | मेलम्ची न.पा. ११ | |
| ४ | आरुखर्क खानेपानी ट्याङ्की संरक्षण | मेलम्ची न.पा. ११ | |
| ५ | बाह्रबिसे बस्ती संरक्षण ढकालखहरे | मेलम्ची न.पा. १२ | |
| ६ | गणेशथान लाटो देउता सिंचाई कुलो | मेलम्ची न.पा. १२ | |
| ७ | सिन्धुखोला बस्ती संरक्षण | मेलम्ची न.पा. १२ | |
| ८ | ठूलो थकनी जानी बाटो पहिरो संरक्षण | मेलम्ची न.पा. ४ | |
| ९ | ४ नं. वडा कार्यालय जाने बाटो संचालन | मेलम्ची न.पा. ४ | |
| १० | ४ नं. वडा कार्यालय वाल मर्मत संभार | मेलम्ची न.पा. ४ | |
| ११ | धार्नी खानेपानी ट्याङ्की मर्मत | मेलम्ची न.पा. ७ | |

CamScanner

**निर्णय नं. ८२.१५ :** मेलम्ची नगरपालिका वडा नं. ९ स्थित निर्माणाधिन सुनखानी सामुदायिक भवन निर्माण कार्यका लागि मिति २०८२/०९/०९ गते श्री सुष्मा एण्ड सागर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.संग रु. ८५,८६,२५५।३८ (अक्षरुपी पचासी लाख छयासी हजार दुई सय पचपन्न रुपैयाँ पैसा अठतिस मात्र) मा ठेक्का सम्झौता भई हालसम्म ५० प्रतिशत भौतिक प्रगति भएकोमा स्थानीय उपभोक्ताहरुको निर्णय र यस मेलम्ची नगरपालिका अन्तर्गत ९ नं. वडा कार्यालयको सिफारिस र प्राविधिक प्रतिवेदन बमोजिम भवन डिजाइनमा आवश्यक संशोधन गर्दा आर.सि.सि.कन्क्रिट, डण्डी, ईंटाको वाल, प्लाष्टर लगायतका अन्य आइटमको परिमाण वृद्धि हुने देखिएकोले भवन शाखाको प्राविधिक प्रतिवेदन र संशोधित नक्सा तथा प्राविधिक/विशेषज्ञ समूहको सिफारिस बमोजिम सम्झौता रकमको १८.६० प्रतिशत रु. १५,९७,१७६.७३ (अक्षरुपी पन्ध्र लाख सन्तानब्बे हजार एक सय छयहत्तर रुपैयाँ पैसा त्रिहत्तर मात्र) थप रकमको भेरियसन स्वीकृत गर्नुपर्ने भएको र उक्त कार्य सोही निर्माण कम्पनीबाट गराउँदा व्यभार कम पर्न जाने देखिएको हुँदा उक्त कार्यको लागि सम्झौता गरिएको निर्माण कम्पनीबाट नै कार्य गराउने निर्णय गरियो। साथै, भेरियसनका लागि अपुग हुने रकम आ.व. २०८३/०८४ मा, सुनखानी सामुदायिक भवन भौतिक पूर्वाधार निर्माण (अधुरो), मेलम्ची-९ शिर्षकमा विनियोजित बजेटबाट व्यवस्थापन गर्ने गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) घ बमोजिम भेरियसन स्वीकृत गर्ने निर्णय गरियो।

२०८३/६/२६